**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १३ नवम्बर २०२५**
**समयः १८.५० - १९:०० बजे**

## मुख्य समाचार

१. दोस्रो चरण सुरु एसआईआर भएपछि ४२ करोडभन्दा अधिक मतदाताहरूलाई गणना फारमहरू वितरण गरिएको निर्वाचन आयोगले जनाएको छ।

२. भोलि हुने बिहार विधानसभा चुनावको मतगणनालाई लिएर व्यापक सुरक्षा व्यवस्था गरिएको छ।

३. कलकत्ता उच्च न्यायालयले विधायक मुकुल रायको विधायक पद रद्द गरेको छ।

४. दार्जीलिङ पहाडको उच्च सिंहलिला हिमालय पर्वत शृङ्खला क्षेत्रमा ०९ नोभेम्बर देखि शुरु भएको स्टेज रेस आज सम्पन्न भएको छ।

५. सिलीगुड़ीको सेल्सियन कॉलेजमा दुई दिवसीय रोजगार मेला आगामी १५ नोभेम्बरबाट शुरु हुनेछ।

## निर्वाचन आयोग - एसआईआर

निर्वाचन आयोगले यस महिनाको ४ तारिखदेखि शुरु भएको विशेष गहन पुनरीक्षण – एसआईआरको दोस्रो चरण सुरु भएपछि मतदाताहरूलाई ४२ करोडभन्दा अधिक गणना फारमहरू वितरण गरिएको आज जानकारी दिएको छ। यो संख्या यो चरणमा सहभागी हुने कुल ५१ करोड मतदाताको ८२.७१ प्रतिशत हो। सबैभन्दा अधिक १२ करोड ३३ लाख फारम उत्तर प्रदेशमा वितरण गरिएको छ। पश्चिम बङ्गालमा ७.१४ करोडभन्दा अधिक फारम वितरण गरिएको छ। दोस्रो चरणमा, निर्वाचन आयोगले नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूमा एसआईआर सुरु गरेको छ। यो गणना अर्को महिनाको ४ तारिखसम्म जारी रहनेछ।

## बिहार मतगणना

बिहार विधानसभा चुनावको मतगणना भोलि बिहान ८ बजेदेखि सुरु हुँदैछ। यसै क्रममा ३८ जिल्लाका ४६ वटा मतगणना केन्द्रमा मतगणना हुँदैछ। दुई चरणमा २४३ निर्वाचन क्षेत्रमा मतदान भएको थियो। इलेक्ट्रॉनिक वोटिंग मशीनलाई कडा सुरक्षाबीच स्ट्रङरुममा राखिएको छ। आकाशवाणी समाचारसँग कुरा गर्दै बिहारका मुख्य निर्वाचन अधिकारी विनोद सिंह गुंजियालले चुनावमा प्रयोग गरिएका इभिएम र भीवीप्याटहरूलाई त्रिस्तरीय सुरक्षा प्रणालीअन्तर्गत स्ट्रङ रूमभित्र सील गरिएको बताउदै 'सबै मतगणना केन्द्रमा व्यापक सुरक्षा व्यवस्था गरिएको बताउनु भयो।

## पीआईबी तथ्य जाँच

सरकारले सोशल मीडियामा प्रसारित त्यस खबरको खण्डन गरेको जसमा केन्द्रले वित्त अधिनियम- 2025 अन्तर्गत सेवानिवृत्त कर्मचारीहरूको लागि महँगाई भत्तामा वृद्धि र वेतन आयोग संशोधन जस्ता सेवानिवृत्ति पछिका सुविधाहरू फिर्ता लिएको छ।प्रेस सूचना ब्यूरो - पीआईबीको तथ्य जाँच इकाईले भनेको छ सरकारले सेवानिवृत्त कर्मचारीहरुका लागि यस्तो कुनै पनि बदलावको घोषणा गरेको छैन।

## वन्दे मातरम

देशले आफ्नो राष्ट्रिय गीत, वन्दे मातरमको 150 औं वार्षिकोत्सव मनाईरहेको छ। यो गीतले भारतीयहरूका पुस्ताहरूलाई एकजुट हुन, अगाडि बढ्न र राष्ट्रवादको भावना मनाउन प्रेरित गरेको छ।आज हाम्रा संवाददाताले भारतको स्वतन्त्रता आन्दोलनको आवाज, झण्डा र भावनामा प्रतिध्वनित हुने वन्दे मातरमको बारेमा एक रिपोर्ट प्रस्तुत गरेका छन्।

**मुकुल-राय**

कलकत्ता उच्च न्यायालयले पश्चिम बंगालको कृष्णनगर उत्तर सिटबाट निर्वाचित विधायक मुकुल रायको विधायकी रद्द गरेको छ । न्यायमूर्ति देबांशु बसाक र शब्बर रसिदीको संयुक्त खंडपीठले आज उक्त फैसला सुनाएको हो । मुकुल रोय २०२१ मा भारतीय जनता पार्टीको टिकटमा विधानसभा चुनाव जितेर विधायक बनेका थिए, तर २०२२ मा उनी फेरि तृणमूल कांग्रेसमा प्रवेश गरे। उनको यो कदमपछि उनको विधायक पदलाई लिएर विवाद उत्पन्न भएको थियो। भारतीय संविधानको धारा १० अनुसार निर्वाचित जनप्रतिनिधिले दल परिवर्तन गरेमा उसको सदस्यता स्वतः खारेज हुन्छ । यस प्रावधान अन्तर्गत विपक्षी दलका नेता शुभेन्दु अधिकारीले विधानसभा सभामुख समक्ष मुकुल रोयको सदस्यता रद्द गर्न माग गरेका थिए।

**प्रवर्तन निदेशालय (ईडी)**

पश्चिम बंगालका अग्निशमन मन्त्री सुजित बसु फेरि एक पटक प्रवर्तन निर्देशनालय (ईडी) को जांचको घेरामा परेका छन् । ईडीले मन्त्रीकी पत्नी, छोरा र छोरीलाई नगरपालिका भर्ती भ्रष्टाचार मामिलामा सोधपुछका लागि बोलाएको छ। स्रोतका अनुसार उनलाई अर्को हप्ता साल्ट लेकस्थित सीजीओ कम्प्लेक्समा रहेको ईडी कार्यालयमा उपस्थित हुन नोटिस पठाइएको छ । ईडीले लामो समयदेखि नगर निकाय भर्ती घोटालाको अनुसन्धान गरिरहेको छ। यस मामिलामा अयान शीलसहित कैयौँ व्यक्तिलाई पक्राउ गरिएको छ । स्रोतका अनुसार पक्राउ परेका अभियुक्तहरूसँग सोधपुछका क्रममा फेला परेका नयाँ सुराकका आधारमा अनुसन्धान एजेन्सीले अब मन्त्री सुजित बसु र उनको परिवारको भूमिकाको अनुसन्धान गरिरहेको छ। विधानसभा चुनावअघि ईडीको यो सक्रियतालाई लिएर राजनीतिकमा हलचल मच्चिएको छ । सत्तारुढ तृणमूल कांग्रेसले ईडीको कदम राजनीतिक रूपमा प्रेरित भएको आरोप लगाएको छ र आगामी चुनावअघि पार्टीको छवि बिगार्ने प्रयास भइरहेको बताएको छ

**सिंहलिला**

दार्जीलिङ पहाडको उच्च सिंहलिला हिमालय पर्वत शृङ्खला क्षेत्रमा ०९ नोभेम्बर देखि शुरु भएको एक सय माइलको स्टेज रेसको आज मानेभञ्ज्याङमा समाप्त भयो। यस रेसमा बिश्वका आठ देशहरुका धावकहरुले भाग लिएका थिए । जसमा पुरुष बर्गमा जर्मनीका धावक एन्टन सेफर प्रथम भए भने बेल्जियमका टिगर्ट गेन्स दोस्रो र अमेरिकाका क्रिस्टोफर फ्रेन्च तेस्रो भए भने महिलाबर्गमा ब्रिटेनका जनेट पेयनी प्रथम ,अस्ट्रियाका पेट्रा जानसिट्स र अमेरिकाका लुइस जोन्सन तेस्रो भईन्। यस अवसरमा रेस निर्देशक सिएस पाण्डेले रेसले १६० किलोमीटर लामो दुरि तय गर्दै सिंहलिला हिमालय शृङ्खला क्षेत्रको संरक्षण एवं प्रबर्द्धनको दिशामा आम मानिसहरुमा जागरुकता सृजना गर्ने अनि बिश्वलाई प्राकृतिक सम्पदाहरुको संरक्षणको दिशामा सचेत हुन संदेश प्रवाह गरेको बताए । यसको साथमा रेसलाई सुचारु संचालन गर्न सहयोग पुर्याउने गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन पर्यटन बिभागके निदेशक सोनाम भुटिया ,भारत सरकार पर्यटन मन्त्रालय , स्थानीय प्रशासन ,स्थानीय नागरिक, अनि मिडियाकर्मीहरुप्रति आभार व्यक्त गरे ।

**सिलीगुड़ीमा दुई दिवसीय रोजगार मेला**

सिलीगुड़ीको सेल्सियन कॉलेजमा दुई दिवसीय रोजगार मेलाको आयोजन हुन गइरहेको छ | यो रोजगार मेला 15 अनि 16 नभोम्बरमा आयोजित हुनेछ। राज्यसभा सांसद सदस्य हर्षवर्धन श्रृंगलाले आज पत्रकार सम्मेलन गर्दै यो जानकारी दिनुभएको हो | हर्षवर्धन श्रृंगलाले भन्नु भएको छ रोजगार मेलामा भाग लिनका लागि ऑनलाइन पंजीकरण शुरू भइसकेको छ ज-जसले ऑनलाइन पंजीकरण गर्न सकेका छैनन् , उनीहरुले 15 नभोम्बरको बिहान कॉलेज परिसरमा पंजीकरण गराउन सक्नेछन् | नौकरी चाहनेहरुका निम्ति विशेष प्रशिक्षण अनि साक्षात्कारको तैयारीको सत्र पनि आयोजित

गरिएको छ|उल्लेखनीय छ कि पोहोर साल दार्जिलिंगमा आयोजित रोजगार मेलामा लगभग 300 मानिसहरुलाई नौकरीको अवसर प्राप्त भएको थियो | यसपाली पनि मेलाको आयोजन व्यापक रुपमा गरिएको छ| यस रोजगार मेलामा 60 भन्दा अधिक नामी कंपनिहरुले हिस्सा लिइरहेका छन् जहाँ दस हज़ार भन्दा अधिक रिक्त पदहरुमा भर्तीको अवसर उपलब्ध हुनेछ | यसैबीच दस हज़ार भन्दा अधिक उम्मेदवारहरुले अघि बाटै पंजीकरण गराई सकेका छन् | रोजगार मेलाको उद्घाटन समारोहमा केंद्रीय मंत्री, सांसद, विधायक समेत कयौं गणमान्य अतिथि उपस्थित रहने आशा गरिएको छ |

**चिसोको प्रभाव**

नोभेम्बरको दोस्रो सातादेखि पश्चिम बंगालमा चिसोको प्रभाव सुरु भएको छ । राज्यको पश्चिमी र उत्तरी जिल्लाहरूमा तापक्रम पहिले नै घट्न थालेको थियो भने कोलकातामा पनि तापक्रम घटेको छ। यता उत्तर बङ्गालका जिल्लाहरूमा पनि अधिकतम र न्यूनतम तापक्रम दुवैमा गिरावट आएको छ। कोलकाता र आसपासका क्षेत्रमा रातको समयमा चिसो बढ्न थालेको छ भने बिहानदेखि हल्का कुहिरो लाग्न थालेको छ। उत्तर बङ्गालको दार्जिलिङ, कालिम्पोङ, अलिपुरद्वार, कूचबिहार र जलपाइगुडी जिल्लामा बिहानै बाक्लो कुहिरो लागेको छ। यद्यपि उत्तर बङ्गालमा हाल वर्षाको सम्भावना भने छैन र मौसम सुख्खा रहनेछ।